शुभारम्भ...शिवम्सँग

SHIVAM CEMENT

COM. REG.No. : 137210/072/73
VAT/PAN No. : 302436213

NS QUALITY AWARD-2019
प्रथमद्वारा पुरस्कृत संस्था

मितिः २०७८।०८।०९ गते ।

च.नं. २२४/०७८/०७९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

सिंहदरवार प्लाजा, काठमाडौं ।

**विषयः आ.व. २०७७।०७८ को वार्षिक साधारण सभाको काम कारवाहिको विवरण (माइन्युट) सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा यस शिवम् सिमेन्ट्स लिमिटेडको मिति २०७८।०७।१६ मा सम्पन्न भएको आ.व. २०७७।०७८ (छैठौं वार्षिक साधारण सभा) को काम कारवाहीको विवरण (माइन्यूट) कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा (३) बमोजिम शेयरधनीहरुको जानकारीका लागी २०७८।०८।१० गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने हुँदा सोको विवरण संलग्न राखी ताँहाको जानकारीका लागि पठाइएको व्यहोरा सादर अनुरोध गर्दछौं ।

सहयोगका लागि धन्यवाद ।

भवदीय,

(लेखनाथ अर्याल)

कम्पनी सचिव

SHIVAM CEMENTS LIMITED NEPAL

# कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा (३) बमोजिमको
# शिवम् सिमेन्ट्स लिमिटेडको छैठौं वार्षिक साधारण सभा (आ. व. २०७७/०७८) को काम कारवाहीको विवरण (माइन्यूट)

**१. सभाको बैधानिकता:**

कम्पनी ऐन २०६३ र कम्पनीको नियमावली बमोजिम यस शिवम् सिमेन्ट्स लिमिटेडको आ. व. २०७७।०७८ वार्षिक साधारण सभा सञ्चालक समितिका कार्यकारी अध्यक्ष श्री सुरेन्द्र कुमार गोयलको अध्यक्षतामा तल उल्लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरू उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो :

**२.. सभाको मिति, स्थान र समय :**

मितिः २०७८ साल कार्तिक १६ गते, मंगलबार (२ ओक्टुवर २०२१)
स्थान : होटल सोल्टी,सोल्टीमोड काठमाडौं ।
समयः विहान १० : ०० बजे ।

**३. सभाको सूचना:**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको छैठौं वार्षिक साधारण सभाको सूचना तथा आ. व. २०७७।०७८ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरू समेत शेयरधनी हरूको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मितिः २०७८।०६।२३ गतेको नागरिक राष्ट्रिय दैनिक र मितिः २०७८।०६।२४ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, समय र छलफल हुने विषयको सूचि सहितको सूचना शेयरधनी महानुभाव हरूमा जानकारीका लागि प्रकाशित गरिएको थियो ।

**४. छलफलको विषय तथा प्रस्तावहरू :**

**क. सामान्य प्रस्ताव :**

(१) कम्पनी सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७७।०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मशान्तसम्मको कम्पनीको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७७।०७८ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण सहितका ले.प. सम्बन्धि अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।
(३) कम्पनीको आ. व. २०७८।०७९ को आय व्ययको लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(४) कम्पनीको सञ्चालक समितिले निर्णय गरी प्रस्ताव गरे बमोजिम शेयरधनीहरूलाई आ. व. २०७७।०७८ को मुनाफा रकम समेतबाट चुक्ता पूँजी रू. ४ अर्व ४० करोडको २९ (उनान्तिस) प्रतिशतका दरले (लाभाँश रकममा लाग्ने कर सहित) रू. १,२७,६०,००,०००। (अक्षेरूपी एक अर्व सत्ताईस करोड साठी लाख) मात्र वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।
(५) कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्था तथा यसै संस्थाका सम्बद्ध अन्य कम्पनीसंग गरेको कारोवार छलफल गरी पारित गर्ने ।
(६) कम्पनीले आफ्नो उद्येश्य तथा परियोजना बमोजिमका कार्यहरूका लागि कम्पनीको चुक्ता पूंजी भन्दा बढि रकम कुनै बैंक तथा वित्तिय संस्थाहरूबाट थप कर्जा सुविधा लिनु परेको खण्डमा पनि कर्जा सम्झौता गरी आवश्यक रकम कर्जा सुविधा लिने सम्बन्धमा आवश्यकतानुसार निर्णय गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धि प्रस्ताव पारित गर्ने ।
(७) विविध ।

**ख. विशेष प्रस्ताव :**

(१) कम्पनीको स्वीकृत प्रबन्ध पत्रको ४ (१) को खण्ड (झ) पछि खण्ड (ञ) मा निम्नानुसारको उद्येश्य संशोधनद्वारा थप गर्ने ।
आइरनओर, फलाम, खनिज तेल, खनिज नून, डोलोमाईट, खरि, रेड क्ले, चुनढुंगा लगायतका धातु तथा अधातु खनिज पदार्थहरूको खोज अनुसन्धान, संकलन, उत्खनन्, ढुवानी तथा खरिद विक्री गर्ने, चुढढुंगा उत्खनन् गर्दा निस्कने ओभरवर्डनलाई खानीस्थलबाट व्यवस्थापन गर्न क्रसिंग गरी वा नगरी सडक, पुल, भवन, कुलो नहर निर्माणमा आवश्यक पर्ने निर्माण सामाग्रीको रूपमा उपयोग गर्ने, अन्य व्यक्ति वा संस्था लाई हटाउन लगाउने वा विक्री गरी ओभरवर्डन व्यवस्थापन गर्ने, गरी विशेष प्रस्ताव पारित गर्ने ।
(२) विविध ।

**५. उपस्थिती:**

**(क) सञ्चालकहरू :**

| | | |
|---|---|---|
| (१) | श्री सुरेन्द्र कुमार गोयल | कार्यकारी अध्यक्ष |
| (२) | श्री रघुनन्दन मारू | कार्यकारी सञ्चालक |
| (३) | श्री सन्दिप कुमार शारदा | सञ्चालक |
| (४) | श्री अमित मोर | सञ्चालक |
| (५) | श्री रोहित गुप्ता | सञ्चालक |
| (६) | श्री अलका गोयल | सञ्चालक |

**(ख) सहायक कम्पनी शिवम् होल्डिङ्गस प्रा.लि. र एस.सि.एल. इन्भेष्मेण्ट प्रा.लि. का सञ्चालकहरूको उपस्थिती :**

(१) श्री विश्वनाथ गोयल (२) श्री सतिस कुमार मोर
(३) श्री शिवरतन शारदा (४) श्री सुशिल गुप्ता

**(ग) अन्य पदाधिकारीको उपस्थिति :**

| | | |
|---|---|---|
| (१) | श्री देवेन्द्र सिन्हा | प्रमुख कार्यकारी अधिकृत |
| (२) | श्री लेखनाथ अर्याल | कम्पनी सचिव |
| (३) | श्री ज्योति थापा | वित्त प्रमुख |

**(घ) शेयरधनीहरूको उपस्थिति :**

जम्मा उपस्थित सख्याः १८७ जना

**६. गणपुरक संख्या :**

| विवरण | कुल शेयरधनी संख्या | जम्मा उपस्थिति संख्या | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयर धनी संख्या संस्थापक र सर्व साधारण समूह | ३५०६१ जना | १८७ जना | ८८।०५० प्रतिशत |
| शेयरधनीहरूले ग्रहण गरेको शेयर कित्ता | ४,४०,००,००० | ३,८७,४२,१७१ | |

**७. सभाको बैधानिकता र सभाको अध्यक्षता:**

(क) कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या वाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरू मध्ये कम्तिमा ३ जना शेयरधनीहरूको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको छैठौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या १८७ जना भएको र कूल शेयरको ८८।०५० प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक सँख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको सभालाई जानकारी गराउनु भएको ।
(ख) कम्पनी सचिवले शेयरधनी महानुभवहरू सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नु भयो र तत्पश्चात् उपस्थित सञ्चालकहरू, सहायक कम्पनीका सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृत तथा विभागीय प्रमुखको जिम्मेवारीमा रहनु भएका अधिकृतहरूको परिचय गराँउदै आसन ग्रहण गर्न उहाँहरूलाई अनुरोध गरी सभाको कार्य अगाडि बढाउनु भयो ।
(ग) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने जानकारी गराँउदै कम्पनीको छैठौं वार्षिक साधारण सभा शुरू गर्न अध्यक्ष श्री सुरेन्द्र कुमार गोयललाई कम्पनी सचिवले अनुरोध गर्नु भयो ।

**८. आ. व. २०७७।०७८ को वार्षिक प्रतिवेदनको प्रस्तुती :**

सभाका अध्यक्षले औपचारिक रूपमा सभा शुरू भएको घोषणा गर्नु भयो र पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ. व. २०७७।०७८ को सञ्चालक समितिको प्रतिवेदन तथा चालु आ. व. २०७८।०७९ को हालसम्मको संक्षिप्त प्रगति विवरण अध्यक्षले साधारण सभामा आफ्नो मन्तव्य सहित पढेर सुनाउनु भयो ।

**९. छलफलको लागि आव्हान र सहभागि शेयरधनी महानुभवहरू :**

(क) तत्पश्चात अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले कम्पनीको आ. व. २०७७।०७८ को सञ्चालक समितिको प्रतिवेदन, २०७८ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ. व. २०७७।०७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका सम्पूर्ण विषय माथि आ आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न, राय, सुझाव, टिप्पणी भए मौखिक तथा लिखित जानकारी गराउन शेयरधनी महानुभावहरू समक्ष अनुरोध गर्नुभयो । देहायका शेयरधनी महानुभावहरूले छलफलको क्रममा सहभागि भई देहाय अनुसारको प्रश्न तथा राय सुझावहरू व्यक्त गर्नु भयो ।
(ख) छलफलमा सहभागि हुने शेयरधनी महानुभावहरूको नाम :

(१) श्री गुणराज भट्ट (२) श्री अमृत नाथ रेग्मी
(३) श्री नरसिंह लाल चँखु (४) श्री अमिर दास रन्जित
(५) श्री डमरू बल्लभ घिमिरे (६) श्री रोज कुमार श्रेष्ठ
(७) श्री शिव प्रसाद पौडेल (८) श्री चन्द्र नारायण श्रेष्ठ
(९) श्री ईन्द्रकृष्ण श्रेष्ठ

**१०. छलफलमा सहभागी शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको साराँश:**

कम्पनीले विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाईरसको संक्रमणको दोस्रो चरणको अवस्थामा पनि आ. व. २०७७।०७८ को बार्षिक साधारण सभा कम्पनी ऐनले तोकेको अवधि भित्रै नेपाल सरकारद्धारा तोकिएका स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्ड र प्रोटोकलको पूर्ण पालना गरी आयोजना गर्नु सकारात्मक रहेको, Zoom / Wabinar Online प्रविधिको समेत प्रयोग गरी सभामा सहभागिता जनाउन सक्ने प्रबन्ध गर्नु भएकोमा आयोजक प्रति धन्यवाद दिनु भएको, आ. व. २०७७।०७८ को मुनाफाबाट शेयरधनीलाई २९ प्रतिशत (उनान्तिस प्रतिशत) का दरले नगद लाभाँश वितरण गर्ने प्रस्ताव धेरै नै स्वागत योग्य रहेको । हालसम्म घोषित लाभाँश मध्ये मल्टिनेशनल कम्पनी बाहेक सबै भन्दा बढि दरको मुनाफा वितरण गर्ने रहेको हुंदा संचालक तथा व्यवस्थापन तह लगायतका सबैलाई धन्यादन दिनु भयो । लाभाँश वितरण गर्दा वोनस शेयरको अपेक्षा गरेका थियौं, आउने आ. व. हरू मा नगद लाँभाश र वोनस शेयर मिलाएर आधा आधा दिने प्रस्ताव आउनेछ भन्ने आशा विश्वास र अनुरोध गर्दछौं । कम्पनीको समिक्षा अवधिको आर्थिक अवस्था मजवुद र सकारात्मक रहेको, । सेल्स र आम्दानी तथा मुनाफा रकम गत वर्ष भन्दा अलि बढि भएको भएता पनि उत्पादन तथा सेल्स एण्ड मार्केटिंग लगायतका खर्च केहि मात्रामा बढेको देखिन्छ । खर्च घटाउन सकिएको खण्डमा थप मुनाफामा बृद्धि हुने अवस्था रहेको, कम्पनीले सहायक कम्पनी मार्फत ठूलो लगानी होड.शी शिवम सिमेन्ट प्रा. लि. मा गरेकोले उक्त लगानीबाट छिटो प्रतिफल प्राप्त होस भन्ने आशाका साथ जिज्ञाशा राख्नुका साथै कम्पनीको संचित मूनाफा राम्रो भएको, कम्पनीको उत्पादनको गुणस्तरमा कहिल्यै सम्झौता नगर्ने प्रतिवद्धता अनुसार संधै Quality मा ध्यान दिनु पर्ने सुझाव राख्नु भएको । नेपाल सरकारबाट सडक निर्माण गर्दा सिमेन्टबाट ढलान गरी बलियो सडक बनाउने व्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध सहितको निवेदन गर्न कम्पनी समक्ष आग्रह गर्नु भएको । दोस्रो बजारको कारोवार पनि अंकित मोल भन्दा धेरै माथि कारोवार हुनु सकारात्मक सूचक रहेको छ भनि सुझाव राख्नु भयो ।

ईमान्दार र कर्तव्यनिष्ट कर्मचारीहरूको कारण कम्पनीले राम्रो गर्ने हुनाले कर्मचारीहरूको मनोवल उच्च राख्न र प्रोत्सहित गर्नु पर्दछ । चुनढुंगा खानीको अन्वेषण र उत्खनन्मा थप प्रयत्न गरी धेरै भन्दा धेरै क्लिंकर उत्पादन गर्ने वातावरण मिलाउनु पर्दछ । साथै डिजिटल मार्केटिङ्ग र डिजिटल ब्राण्डिङ्गमा ध्यान दिईएको छ । रिटेल सिमेन्ट विक्रीका लागि शिवम् मोवाईल एप अनलाईन प्रविधिले सहयोग पुगेको हुनु पर्दछ । कम्पनीले लगानी लाई विस्तारै अन्य क्षेत्र जस्तै प्रभु बैंक लि.को शेयर खरिद गरी लगानीलाई विविधिकरण गर्नु सकारात्मक रहेको छ । आफैले हाइड्रोपावर उत्पादनसंग सम्बन्धित कार्यमा अगाडि बढ्दा राम्रो हुन्छ । ५० के.जि. का अलावा ५, १०, २० के. जि. का साना प्याकेटमा सिमेन्ट उत्पादन गरी विक्री गर्दा रिटेल सेल्स बढ्न सक्दछ भनी त्यस तर्फ ध्यानाकर्षण गराउनु भयो । उत्पादन विविधिकरण गर्ने, मेघा प्रोजेक्टहरूलाई Direct Sales गर्नु का साथै ठूला ठूला प्रोजेक्टहरूलाई कम लागतमा सिमेन्ट उपलब्ध गराउन बल्कमा सिमेन्ट विक्री गर्ने प्रक्रिया शुरू गर्नु पर्दछ । रिटेल सेल्सलाई थप ध्यान दिनु पर्दछ भन्ने लगायतका सुझावहरू दिनु भयो । कम्पनीले रिसर्च एण्ड डेभलपमेण्टमा लगानी गर्नु पर्दछ । ले. प. प्रतिवेदन सहितका सम्लग्न विवरणहरूले कम्पनीको समग्र आर्थिक अवस्था मजवुद रहेको देखिनु सकारात्मक हो । कम्पनीले NS Quality Award २०१९ प्रथम पुरस्कार पाउनु गुणस्तर प्रतिको निरन्तर विश्वासले प्राप्त भएको हो, कम्पनीको आफ्नो नारा "भरोसा अटुट सम्बन्धको" र "गुणस्तरमा कहिल्यै सम्झौता नगरौं" भन्ने कुरा अत्यन्त सकारात्मक रहेको र यसलाई सदा मनन् गरेर अगाडि बढ्न उपयुक्त हुने भन्ने लगायतका अति उपयोगी र सकारात्मक सुझाव तथा शुभकामना मन्तव्य दिनु भएको थियो ।

**११. सभामा शेयरधनी महानुभावहरूले प्रकट गर्नु भएको जिज्ञाशा एवं प्रश्नहरूको जवाफ :**

शेयरधनी महानुभावहरूले आफ्नो कार्य व्यस्तताको वावजुद पनि कम्पनीको वित्तीय विवरण लगायतको कार्यसम्पादनको सूक्ष्म अध्ययन गरेर साधारण सभामा व्यक्त गर्नु भएका आ. आफ्नो धारणा, राय सुझावहरूका लागि अध्यक्षले आभार व्यक्त गर्दै सभामा राखिएका जिज्ञाशा तथा प्रश्नहरूका सम्बन्धमा देहाय बमोजिम उत्तर दिनु भयो :

शेयरधनी महानुभावहरूका सुझावहरूलाई आत्मसाथ गरी कम्पनीलाई अगाडि बढाउनुका साथै अधिकतम प्रतिफल दिन सकिने गरी कार्य गर्ने लक्ष्यका साथ अगाडि बढ्ने नीति अवलम्बन गरेकोछ । कम्पनीले आफूलाई नेपालको सम्बृद्धि र संरचनाको निर्माणमा आवश्यक पर्ने सिमेन्टको गुणस्तरीय उपलब्धतालाई मध्यनजर गरी उत्पादन, विक्री वितरण र बजार प्रर्वद्धनका कार्यहरू अगाडि बढाउनुका साथै सिमेन्ट भनैकै शिवम् हो भन्ने गरी ब्राण्ड स्थापित गर्न प्रयत्न गरिरहेको छ । डिजिटल ब्राण्डिङ्ग र रिसर्च एण्ड डेभलपमेण्टमा हामीले ध्यान दिएका छौं । कम्पनीले उच्चस्तरको गुणस्तरीयता कायम गर्न लागि परेका कारणले गर्दा नै नेपाल सरकार, नेपाल गुणस्तर तथा नापतौल विभागबाट NS Quality Award -2019 को प्रथम पुरस्कार प्राप्त गर्न सफल भएका हौं । उत्पादन लागत लगायतका खर्च घटाउने सम्बन्धमा शेयरधनीहरूको सुझावलाई संधै सम्मान र स्वागत गर्दछौं । कम्पनीले पूँजी वृद्धि गर्ने आवश्यकता परेको अवस्थामा वोनस शेयर जारी गर्न विज्ञसंगको छलफल तथा राय एवं वोर्डको स्वीकृतिमा आँउदा वर्षहरूमा आवश्यकतानुसार नगद लाभाँशका अतिरिक्त वोनस शेयर प्रस्ताव गर्न सकिनेछ भन्ने जानकारी दिनु भयो । नेपाल गुणस्तर तथा नापतौल विभागले स्वीकृति दिएको खण्डमा ५, १० र २० के. जि. को बोरामा सिमेन्ट प्याकेजिंग र विक्री वितरण गर्ने सम्बन्धमा आगामी दिनमा बजारको समेत सर्भेक्षण गरी सकारात्मक सर्भे रिर्पोट प्राप्त हुन आएको खण्डमा त्यसलाई अगाडी बढाउन सकिनेछ । यहाँहरूको सुझावलाई क्रमशः कायान्वयन गर्दै कम्पनिको हितमा उपयोग गरिनेछ भन्ने उत्तर समेत दिनु भयो । साथै शेयरधनी महानुभावहरूलाई अपेक्षाकृत लाभाँश दिन सञ्चालक समिति र व्यवस्थापन तह प्रयासरत रहनेछ । आ. व. २०७७।०७८ को उत्पादन र विक्री वितरण लगायतका निर्धारित लक्ष्य प्राप्तिमा ह्रास आएको भएता पनि गत आ. व. मा भन्दा बढि परिमाणमा उत्पादन र विक्री गरी मुनाफामा समेत सुधार भएको छ । आँउदा दिनहरूमा ग्राहक संरक्षण नीतिलाई अवलम्बन गर्दै वजार हिस्सा बढाउने योजना कम्पनीले निर्धारण गरेको छ । कम्पनीले लगानी र उत्पादन विविधिकरण र उपयुक्त क्षेत्रमा लगानी गर्ने विषयमा समेत ध्यान दिईनेछ । कर्मचारीहरूलाई प्रोत्साहित गरिरहेको र यसलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ । सबै शेयरधनी महानुभाव हरूलाई शिवम् सिमेन्टको विक्रीमा यहाँहरूबाट समेत सहयोगको अपेक्षा गर्दछु । कम्पनीको लगानी रहेको होङशी शिवम् सिमेन्ट प्रा.लि. बाट छिटो प्रतिफल प्राप्त होस् भन्ने अपेक्षा कम्पनीले पनि गरेको छ भन्ने व्यहोरा समेतको जानकारी गराँउदै शेयरधनीहरूबाट प्राप्त भएका राय, सुझावलाई कार्यान्वयन गर्दै कम्पनीको हितमा उपयोग गरिनेछ भन्ने उत्तर दिनु भयो ।

**१२. सभाको निर्णय:**

**क. सामान्य प्रस्ताव तर्फ:**

**निर्णय नं. १ :** सभामा प्रस्तुत आ. व. २०७७।०७८ को कम्पनी सञ्चालक समितिको वार्षिक प्रतिवेदन अध्यक्षबाट स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सर्वसम्मतीबाट पारित गऱ्यो ।

**निर्णय नं. २ :** लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मशान्तको वासलात तथा सोही मितिमा समाप्त आ. व. २०७७।०७८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरू समेत पारित गरियोस भनी अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले वासलात लगायतका सम्पूर्ण वित्तीय विवरणहरू एवं अनुसूचीहरू सर्व सम्मततिबाट पारित गरियो ।

**निर्णय नं. ३ :** कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ. व. २०७८।०७९ को आय व्ययको लेखापरीक्षण कार्य गर्नका लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस भनी अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले चार्टड एकाउण्टेण्टस श्री सुवोध एशोसियट्स, काठमाडौंलाई नियुक्ति गर्ने र निजलाई लेखापरीक्षण कार्य गरे वापत रू. १०,००,०००। अक्षेरूपी (दश लाख मात्र) पारिश्रमिक निर्धारण गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

**निर्णय नं. ४ :** आ. व. २०७७।०७८ को मुनाफा रकम समेतबाट सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरूलाई २९ (उनान्तिस) प्रतिशतका दरले हुन आउने (लाभाँश रकममा लाग्ने कर सहित) रू. १,२७,६०,००,०००। (अक्षेरूपी एक अर्व सत्ताईस करोड साठी लाख) मात्र नगद लाभाँश वितरण गर्ने स्वीकृतिका निमित्त अध्यक्षबाट सभा समक्ष प्रस्ताव गरिएकोमा सभाले सर्वसम्मतीबाट उक्त प्रस्ताव स्वीकृत गर्ने निर्णय पारित गऱ्यो ।

**निर्णय नं. ५ :** कम्पनीले आधारभूत शेयरधनी वा सञ्चालक आवद्ध रहेका संस्था तथा यसै संस्थाका अन्य कम्पनी वा संस्थासंग गरेको संलग्न विवरण बमोजिमको कारोवारलाई अनुमोदन वा पारित गर्न भनी अध्यक्षले प्रस्ताव प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्तावलाई सर्व सम्मतीले अनुमोदन तथा पारित गरी आगामी दिनहरूमा समेत आवश्यकतानुसार कारोवर गर्न सर्वसम्मतीले स्वीकृति दिने निर्णय भयो ।

**सम्बद्ध संस्थासंगको कारोवार विवरण:**

| कम्पनी | सम्बन्ध | कारोवार रकम (मु.अ. कर बाहेक) आ.व. २०७७/०७८ | खरिद/बिक्री |
|---|---|---|---|
| मोडर्न ईन्फ्रास्ट्रक्चर प्रा.लि. | यस कम्पनीका शेयर धनी श्री सुशिल गुप्ता सो कम्पनीको सञ्चालक रहेको र उक्त कम्पनीमा निजको १७ प्रतिशत शेयर स्वामित्व रहेको । | रू. २६,९९,५६,४९२।०२ | चुनढुंगा उत्खनन् तथा ढुवानी कार्य |
| होङ्शी शिवम् सिमेन्ट प्रा.लि. | यस कम्पनीको सहायक कम्पनी शिवम् होल्डिङ्स प्रा. लि. को उक्त कम्पनीमा ३० प्रतिशत शेयर रहेको र शिवम् होल्डिङ्गस प्रा. लि. मा शिवम् सिमेन्ट्स लि. को ८८ प्रतिशत शेयर स्वामित्व रहेको । | रू. २,०८,९५,२२,५४०।५५<br>रू. १०,५९,९७,३५९।३० | खरिद<br>विक्री |
| कन्ट्रक्सन सोलुसन प्रा.लि. | यस कम्पनी का सञ्चालक श्री सन्दिप कुमार शारदा सो कम्पनीको सञ्चालक रहेको र उक्त कम्पनीमा निजको ४५ प्रतिशत शेयर स्वामित्व रहेको । | रू. ४९,५६,४०६।८४ | हेविईक्विमेण्ट का पार्टपुर्जा खरिद |
| प्रिमियर वायर्स प्रा.लि. | यस कम्पनीका सञ्चालक श्री सन्दिप कुमार शारदा सो कम्पनीको सञ्चालक रहेको र उक्त कम्पनीमा निजको १६ प्रतिशत शेयर स्वामित्व रहेको । | रू. ६७,५७,०९०। | ग्याविन तार जाली खरिद |
| टेक्नो जया ज्वयलर्स प्रा.लि. | यस कम्पनीका शेयर धनी श्री नन्द किशोर मुन्दडा र देव किशन मुन्दडा सो कम्पनी का शेयर धनी रहेको र उक्त कम्पनीमा निजहरूको क्रमशः ३३।३३ र ३३।३३ प्रतिशत शेयर स्वामित्व रहेको । | रू. २,१२,०५२। | खरिद |
| स्टारलाइम ईण्डष्ट्रिज प्रा.लि. | उक्त कम्पनीको ७५ प्रतिशत शेयर यसै शिवम् सिमेन्ट्स लि. को सहायक कम्पनी एस. सि. एल. इन्भेष्टमेण्ट प्रा. लि. को स्वामित्वमा रहेको । | रू. २,०९,००,१५४।५३ | खरिद |
| पशुपति सिन्प्याक प्रा.लि. | इस कम्पनीका शेयरधनी श्रीनिवास शारदा, श्री पवन कुमार शारदा र श्री राधेश्याम शारदा उक्त कम्पनीको शेयरधनी संचालक रहनु भएको र निजहरूको नाममा उक्त कम्पनीको क्रमशः ५.३४, ४.४० र ४.८४ प्रतिशत शेयर रहेको । | रू. ६,५१,५८,५६०।३९ | खरिद |
| अरविन्द इम्पोरियम प्रा.लि. | यस कम्पनीका अध्यक्ष श्री सुरेन्द्र कुमार गोयल उक्त कम्पनीको १०० प्रतिशतको शेयरधनी तथा सञ्चालक रहेको । | रू. २२,७०,६८,१३६।७१ | खरिद |
| लुम्बिनी विद्युत उद्योग प्रा.लि. | यस कम्पनीका संचालक श्री रोहित गुप्ता उक्त कम्पनीको शेयरधनी संचालक रहेको र उक्त कम्पनीमा निजको ३२।६७ प्रतिशत शेयर स्वामित्व रहेको र यस कम्पनीका शेयरधनी श्री सुशिल गुप्ताका नाममा उक्त कम्पनीको ६० प्रतिशतको शेयर स्वामित्व रहेको । | रू. ८४,०००।<br>रू. ४२,५९,५२२।४० | खरिद<br>विक्री |
| लक्ष्मी लाईम प्रडक्ट्स | यसकम्पनीका संचालक श्री रघुनन्दन मारूको एकल नाममा उक्त प्रोप्राईटरसिप फर्म रहेको । | रू. ९७,३८,९९३।७९ | बिक्री |

**निर्णय नं. ६ :** कम्पनीको उद्येश्य एवं परियोजना बमोजिमका कार्यहरूका लागि कम्पनीको चुक्ता पूंजी भन्दा बढि रकम कुनै बैंक तथा वित्तिय संस्थाहरूबाट थप कर्जा सुविधा लिनु परेको खण्डमा पनि कर्जा सम्झौता गरी आवश्यक रकम कर्जा सुविधा लिने सम्बन्धमा आवश्यकतानुसार निर्णय गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विषयको प्रस्ताव पारित गर्न अध्यक्षले सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सर्वसम्मतीले स्वीकृति दिने भनी निर्णय पारित गऱ्यो ।

**निर्णय नं. ७ :** विविध प्रस्ताव अन्तरगत छलफलको कुनै विषय नभएको ।

**ख. विशेष प्रस्ताव तर्फ :**

**विशेष प्रस्तावको निर्णय नं. १.**

कम्पनीको स्वीकृत प्रबन्धपत्रको उदेश्य खण्डको दफा ४ (१) को खण्ड (झ) पछि खण्ड (ञ) मा निम्नानुसारको उद्येश्य थप संशोधन गर्ने सम्बन्धमा सभामा अध्यक्षज्यूले विशेष प्रस्ताव निर्णयका निमित्त प्रस्तुत गर्नु भएकोमा प्रबन्ध पत्रको उद्देश्य खण्डको दफा ४ को (१) को खण्ड (झ) पछि (ञ) मा देहाय अनुसारको उद्येश्य थप संशोधन पारित गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**"आइरन ओर, फलाम, खनिज तेल, खनिज नून, डोलोमाईट, खरि, रेड क्ले, चुनढुंगा लगायतका धातु तथा अधातु खनिज पदार्थहरूको खोज अनुसन्धान, संकलन, उत्खनन्, ढुवानी तथा खरिद विक्री गर्ने, चुनढुंगा उत्खनन् गर्दा निस्कने ओभरवर्डनलाई खानी स्थलबाट व्यवस्थापन गर्न क्रसिंग गरी वा नगरी सडक, पुल, भवन, कुलो नहर निर्माणमा आवश्यक पर्ने निर्माण सामाग्रीको रूपमा उपयोग गर्ने, अन्य व्यक्ति वा संस्थालाई हटाउन लगाउने वा विक्री गरी ओभरवर्डन व्यवस्थापन गर्ने" गरी विशेष प्रस्ताव पारित गर्ने।**

साथै उपरोक्तानुसारको संशोधनद्वारा उद्येश्य थप गर्ने सम्बन्धमा तपशिल अनुसारको ३ महले विवरण र संशोधित प्रबन्धपत्रको दफा समेत सर्व सम्मतिले पारित गर्ने निर्णय भयो । उपरोक्तानुसारको संशोधन कम्पनी रजिष्ट्रारको कार्यालय समक्ष स्वीकृतिका लागि पेश गरी स्वीकृति लिई कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।

**शिवम् सिमेन्ट्स लिमिटेडको प्रबन्ध पत्रको दफा ४ (१) (झ) पछि (ञ) मा थप संशोधन गर्ने सम्बन्धि तिन महले विवरण :**

| हाल कायम व्यवस्था | संशोधन भई थप कायम हुने व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| प्रबन्धपत्रको दफा ४ कम्पनीको उद्देश्य :<br>(१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ ।<br>**(ञ)** ...... नरहेको । | प्रबन्धपत्रको दफा<br>४. कम्पनीको उद्देश्यः<br>(१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ ।<br>**(ञ)** आइरनओर, फलाम, खनिज तेल, खनिज नून, डोलोमाईट, खरि, रेड क्ले, चुनढुंगा लगायतका धातु तथा अधातु खनिज पदार्थहरूको खोज अनुसन्धान, संकलन, उत्खनन्, ढुवानी तथा खरिद विक्री गर्ने, चुनढुंगा उत्खनन् गर्दा निस्कने ओभरवर्डनलाई खानी स्थलबाट व्यवस्थापन गर्न क्रसिंग गरी वा नगरी सडक, पुल, भवन, कुलो नहर निर्माणमा आवश्यक पर्ने निर्माण सामाग्रीको रूपमा उपयोग गर्ने, अन्य व्यक्ति वा संस्थालाई हटाउन लगाउने वा विक्री गरी ओभरवर्डन व्यवस्थापन गर्ने । | उद्येश्य थप संशोधन गरी कार्य गर्न आवश्यक भएकोले । |

**निर्णय नं. २. :** विशेष प्रस्तावको विविध अन्तरगत कुनै छलफल नभएको ।

**(१३) धन्यवाद ज्ञापन :**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूको अनुमतिले कम्पनीका कार्यकारी सञ्चालक श्री रघुनन्दन मारूज्यूले कम्पनी संचालक समितिको ९२ औं बैठकको निर्णय बमोजिम आज बोलाइएको आ. व. २०७७।०७८ को बार्षिक साधारण सभामा नेपाल सरकारद्धारा तोकिएका सबै स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्ड र प्रोटोकलको पूर्ण पालना गर्दै सभामा सहभागी हुन आउनु भएका सबै शेयरधनी महानुभावहरू तथा ZOOM / Webinar Online माध्यमबाट सहभागिता जनाउनु भएका सबै शेयरधनी महानुभाव लगायत सबैमा हार्दिक आभार व्यक्त गर्दै सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा विशेष धन्यवाद दिनु भयो ।

**(१४) अध्यक्षज्यूले कम्पनीको छैठौं वार्षिक साधारण सभा सफलता पूर्वक सञ्चालन एवं सम्पन्न गर्न सहयोग गर्नु हुने सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नु हुंदै ११ : ४५ बजे सभा विसर्जन गर्नु भयो।**

**प्रमाणित गर्ने:**

कम्पनी सचिव
(लेखनाथ अर्याल)

**कार्यकारी अध्यक्ष**

(सुरेन्द्र कुमार गोयल)

मिति : २०७८/०७/१६ गते

शिवम् सिमेन्ट